मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २८ ◆ अङ्क : १९७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८० जेठ २२ गते सोमबार (Monday, June 5. 2023) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

नागरिकका कर्तव्य

- राष्ट्रपति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,
- संविधान र कानूनको पालना गर्नु,
- राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु,
- सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु

हामी सबैले उल्लेखित नागरिक कर्तव्यको पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नागरिकता विधेयक प्रमाणीकरणको प्रभाव

नागरिकता लिनेको घुइँचो, कार्यान्वयन नगर्न अन्तरिम आदेश

काठमाडौं, जेठ २१। नागरिकता विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण भए लगत्तै झापासहित देशभरका जिल्ला प्रशासन कार्यालयमा नागरिकता प्रमाणपत्र लिनेको घुइँचो लागेको छ ।

नागरिक लिने दैनिक सयौंको संख्यामा प्रशासनमा लाइन लागिरहेका बेला आइतवार नागरिकता विधेयक तत्काल कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी भएको छ । सर्वोच्च अदालतले राष्ट्रपति रामचन्द्र पौडेलबाट प्रमाणीकरण भएको उक्त विधेयक तत्काल कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश दिएको हो ।

विगतको संसदले पास गरी मन्त्रिपरिषदको सिफारिसमा हालै राष्ट्रपति पौडेलले प्रमाणीकरण गरेको सो विधेयकलाई यथास्थानमा राख्न सर्वोच्चले आदेशमा भनेको छ । साथै, सर्वोच्चले

दुवै पक्षलाई छलफलमा बोलाएको छ । संसदमा पेश नै नगरी मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति पौडेलले बुधबार नागरिकता विधेयक प्रमाणीकरण गरेपछि त्यसबिरुद्ध वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारीसहितले सर्वोच्चमा रिट हालेका थिए ।

उक्त रिटमा राष्ट्रपति पौडेलले गरेको नागरिकता विधेयक प्रमाणीकरण अवैधानिक भएको जिकिरसहित लागू नगर्न/नगराउन माग गरिएको थियो । रिटमा नागरिकताको विषय राष्ट्रियतासँग जोडिएकाले यसबारे अलग्गै नीति चाहिने पनि भनिएको छ । रिट निवेदकहरुले नेपालीहरु नागरिकताबाट बञ्चित नहुने र विदेशीले नागरिकता नपाउने व्यवस्था हुनुपर्ने पनि माग गरेका छन् ।

यही जेठ १२ गते बसेको मन्त्रिपरिषद् बैठकले एक वर्षदेखि शीतल निवासमा थन्किएको उक्त विधेयक प्रमाणीकरण गर्न राष्ट्रपति पौडेललाई आग्रह गरेको थियो । पौडेलले मन्त्रिपरिषद्को आग्रह स्वीकार्दै संविधानको धारा ६१ र ६६ बमोजिम विधेयक प्रमाणीकरण गरिदिएका थिए ।

(बाँकी अन्तिम पृष्ठमा)

पाथीभरा मन्दिरको करोडौं भेटी हिनामिना !

जिल्ला प्रशासन र रोङ गाउँपालिकाबीच विवाद

भगीरथ भण्डारी

इलाम, जेठ २१। इलामको रोङ गाउँपालिका-३ कुटीडाँडास्थित पाथीभरा मन्दिरमा सङ्कलन भएको भेटी (नगद, सुन र चाँदी) हिनामिना भएको विषयमा पालिका र जिल्ला प्रशासन कार्यालयबीच विवाद उत्पन्न भएको छ ।

रोङ गाउँपालिकाले सर्वदलीय बैठक बोलाएर पाथीभरा संरक्षण संस्थामाथि अनुसन्धान गर्न जिल्ला प्रशासन कार्यालय इलामलाई आग्रह गरेको थियो । तर, जिल्ला प्रशासन कार्यालयले रोङ गाउँपालिकालाई स-प्रमाण जिल्ला प्रशासन कार्यालयमा उपस्थित हुन पत्राचार गरेपछि विवाद शुरु भएको हो । जिल्ला प्रशासन कार्यालयले गाउँपालिकालाई पत्र काटेपछि पालिका अध्यक्ष मणिकुमार स्याङ्वो सुवासले स्थानीय सरकारलाई सप्रमाण उपस्थित हुन निर्देशनात्मक पत्राचार गर्ने जिल्ला प्रशासनलाई अधिकार छैन भन्दै आफ्नो क्षेत्राधिकारमा रहेर कार्य गर्न सुझाव दिएका छन् । उनले समन्वयात्मक छलफलको लागि आग्रह, निमन्त्रणा गर्न सकिन्छ तर अपारदर्शीताको सवाल राखेर निर्णयसहित अनुसन्धान गर्न गरेको आग्रह पत्रको जवाफमा प्रशासनले पालिकालाई प्रमाणसहित उपस्थित हुन पत्र पठाउनुले प्रशासन नै मन्दिरको रकम हिनामिना गर्ने संस्थालाई संरक्षण गर्न लागेको आरोप लगाए ।

जिल्ला प्रशासन कार्यालयलाई पालिका अध्यक्ष स्याङ्वोले जिल्ला प्रशासनले छ वर्षदेखिको नवीकरण नभएको संस्थालाई किन दायरामा नल्याएर स्थानीय सरकारको समानान्तर हैसियतमा जिल्लामा छलफल गराउने जोश आयो ? जिल्ला प्रशासनमा दर्ता रहेको संस्था नियम अनुसार चलेको छैन भन्दा र प्रमाण हुँदा किन केही नगर्ने ? उल्टै स्थानीय सरकारले नियुक्ति गरेको स्वतन्त्र लेखा परीक्षकको विश्वास छैन भन्ने अधिकार कसले दियो ? यो सानो कुरा हो भन्ने छुट प्रजिअलाई कसले दियो ? रोङ गाउँपालिकाले

हिजो शुरु गरेर आज परिणाम खोजेको हो र ? जिप्रकामा चिट्ठीको थाक हेर्नुहोस् कहिले देखिको हो ? त्यो चिट्ठी उपर किन कारबाही भएन ? गैरसरकारी संस्थाले सरकारलाई चुनौती दिँदा जिम्मेवार निकायले उसैलाई साथ दिनु किन ? संघ-संस्था ऐन २०३४को दफा ७, ८, ९, १०, ११ मा भएको व्यवस्था कार्यान्वयनमा किन जोड दिएन ? सोही ऐनको दफा १२ किन आकर्षित नहुने भनी असोजमा लेखिएको पत्रको कारबाही किन अघि बढेन ? जस्ता प्रश्न राखेका छन् । उनले रोङ गाउँपालिका जिल्ला प्रशासनको मातहतको कार्यालय होइन हेक्का रहोस् भन्दै जिल्ला प्रशासनको भूमिका प्रति प्रश्न उब्जिएको बताए ।

जिल्ला प्रशासन कार्यालय इलाममा दर्ता भएको पाथीभरा संस्थाले ०७३पछि नवीकरण पनि नगरेको र साधारणसभा पनि गरेको छैन । त्यो ०७४ यता सङ्कलन भएको भेटीको पनि हिसाब सार्वजनिक नगरेको र उसले गरेको काम पनि पारदर्शी नभएको भन्दै रोङ गाउँपालिकाले जिल्ला प्रशासन कार्यालय इलामलाई अनुसन्धान अघि बढाउन आग्रह गर्दै पत्र लेखेको थियो ।

उक्त पत्रको जवाफमा पालिकालाई स-प्रमाण जिल्ला प्रशासन कार्यालयमा उपस्थित हुन पत्राचार गरेपछि समस्या समाधान भन्दा पनि विवादले चर्को रूप लिन खोजेको पाइन्छ । यता प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले गाउँपालिकाले पठाएको लेखा परीक्षकलाई पाथीभरा संरक्षण संस्थाले स्वीकार नगरेको अवस्थामा छलफलमा बोलाइएको बताए ।

'स्थानीय तहले आफ्नो अधिकार प्रयोग गरेर नियुक्त गरेको लेखा परीक्षकलाई सहयोग गरेनछन् । त्यही भएर समन्वय गरेर हामी पनि लेखा परीक्षक नियुक्ति गरेर काम गर्न खोजेको हो'- उनले भने- 'त्यहाँ अनियमितता भएको भए कारबाहीको प्रक्रिया अघि बढाउने र साधारणसभा गरेर जे-जे स्थानीय तहलाई बुझाउनुपर्नेछ, बुझाउनु भनेर छलफल गर्न खोजेको हो ।' 'स्थानीय तहबाट पत्र आएको र स्थानीय तह सहभागी नभए पनि मङ्गलवार पाथीभरा संरक्षण

(बाँकी अन्तिम पृष्ठमा)

रजनीगन्धा तस्करीमा संलग्न तीनजना पक्राउ

बिराटनगर, जेठ २१। मोरङको बिराटनगर महानगरपालिका-५बाट अवैध रुपमा भित्र्याएको रजनीगन्धा र तुलसीसहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको प्रादेशिक अनुसन्धान समूहले बिराटनगर-५ चाँदनी चोक स्थित जय गणेश जनरल स्टोरमा भारतबाट अवैधरुपमा ल्याइ स्टोर गरिरहेको अवस्थामा ८६९४ पिस रजनीगन्धा र ७३४४ पिस तुलसी फेला पारी बरामद गरेको हो । उक्त कार्यमा संलग्न रहेका भोक्राहा नरसिंह गाउँपालिका-६ सुनसरीका २६ वर्षीय दीपककुमार साह, २६ वर्षीय गुरुदेव साह र बिराटनगर-५का ४२ वर्षीय अरुण यादव समेतलाई को१३प ५०८५ नम्बरको मोटरसाइकलसहित प्रहरीले पक्राउ गरेको हो । अवैध रजनीगन्धा र तुलसीसहित पक्राउ परेका तीनै जनालाई आवश्यक कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय मोरङमा बुझाइएको छ ।

यसैगरी इलाका प्रहरी कार्यालय दुहबीबाट खटिएको गस्ती टोलीले दुहबी नगरपालिका-२मा अवैध रुपमा भारतबाट भन्सार छली चोरी निकासी गरी नेपालतर्फ ल्याउँदै गरेको करिव १ लाख ६ हजार मूल्य बरावरको १८० पिस कुर्ता सुरुवाल बरामद गरी आवश्यक कारवाहीको लागि सुनसरी भन्सार कार्यालयमा बुझाएको छ ।

वरिष्ठ प्रहरी हवल्दार मृत फेला

ताप्लेजुङ, जेठ २१। ताप्लेजुङको सिरिजंघा गाउँपालिकास्थित इलाका प्रहरी कार्यालय तेल्लोकमा कार्यरत वरिष्ठ प्रहरी हवल्दार मृत अवस्थामा फेला परेका छन् ।

सुरक्षा गस्तीका क्रममा सिदिङ्वा गाउँपालिकाबाट फर्किने क्रममा रहेका उदयपुरको त्रियुगा नगरपालिका-७ का ४१ वर्षीय वरिष्ठ प्रहरी हवल्दार दीपक साहशङ्कर मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङले जनाएको छ ।

सिदिङ्वाको मेहेलेबाट फर्किने क्रममा प्रहरी कर्मचारीलाई म बिस्तारै आउँछु भनेको तर निकै बेर नआएपछि खोजी गर्दा मृत अवस्थामा भेटिएको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी निरीक्षक कुशराम कार्कीले जानकारी दिए । प्रहरीका अनुसार अनुसार मृतक शङ्कर छारे रोगबाट पीडित थिए । मृतकको शव परीक्षण गरी आफन्तलाई बुझाउने तयारी भएको जनाइएको छ ।

मलेसियाबिरूद्धको सिरिज नेपालले जित्यो

काठमाडौं, जेठ २१। नेपालले मलेसियाविरुद्धको पाँच खेलको टी-ट्वान्टी महिला सिरिजको उपाधि जितेको छ ।

मलेसियाको वाइएसडी युकेएम ओभल क्रिकेट मैदानमा आइतवार भएको खेलमा नेपालले घरेलु टोली मलेसियालाई ३ विकेटले पराजित गर्दै उपाधि जितेको हो । नेपालले पाँच खेलको सिरिज ३-२ ले आफ्नो पक्षमा पाऱ्यो ।

मलेसियाले दिएको एक सय १० रनको लक्ष्य नेपालले १९ दशमलव २ ओभरमा ७ विकेट गुमाएर पूरा गर्यो । नेपालका लागि सीता रानामगरले सर्वाधिक ३७ बलमा ६ चौकाको मद्दतमा ३४ रनको योगदान दिइन् । त्यसैगरी

कप्तान रुविना क्षेत्रीले ३० बलमा ३ चौकाको सहयोगमा २३ रन बनाइन् । अप्सरी बेगम १५ रनमा अविजित रहँदा ज्योति पाण्डेले ११ रन जोडिन् । मलेशियाका लागि हमिजा हसिमले २ विकेट लिइन् ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको मलेसियाले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर एक सय ९ रन बनाएको थियो । मलेसियाका लागि वान जुलियाले ६० बलमा सर्वाधिक ४७ रन बनाइन् भने विनिफ्रेड दुराईसिङ्गमले २५ बलमा २४ रन जोडिन् । त्यस्तै महिराह इज्जाती इस्माइलले ३१ बलमा २० रन बनाइन् ।

बलिङतर्फ नेपालकी कविता जोशीले दुई विकेट लिइन भने ईश्वरी विष्टले एक विकेट झारिन् । यसअघि भएको पहिलो खेलमा नेपाल पाँच

(बाँकी अन्तिम पृष्ठमा)

फ्ल्याट भाडामा

कार्यालय तथा आवासका लागि व्यवस्थित फ्ल्याट भाडामा ।
सुरक्षित कम्पाउण्ड र पार्किङसहित ।
बाल्मीकि स्कूल बिर्तामोड छेऊ
मो. ९८२३७२६९७९

नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर

पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।
Youtube Channel : Nishat M jotic kendra

गर्मीले जनजीवन कष्टकर

मोरङ, जेठ २१। झापा, मोरङ, सुनसरीसहित तराईका जिल्लाहरुमा केही दिनदेखि गर्मी अत्यधिक बढेको छ । गर्मी ह्वात्तै बढेपछि यस क्षेत्रको जनजीवन कष्टकर बनेको छ ।

बिहानैदेखि चल्ने तातो हावाका कारण सर्वसाधारणलाई दैनिक क्रियाकलाप गर्न असहज हुँदै गएको छ । वृद्धवृद्धादेखि बालबालिकासम्मलाई गर्मीका कारण बढी समस्या भएको छ । बिहानदेखि घर बाहिर हिँड्डुल गर्न मुस्किल भएको छ । गर्मीबाट बच्नका लागि सर्वसाधारणले मात्र नभइ पशुपन्छीले पनि छहारी खोज्न थालेका छन् । केही दिनदेखि यस क्षेत्रको अधिकतम् तापक्रम ३५ डिग्री सेल्सियसदेखि ४२ डिग्री सेल्सियससम्म पुग्ने गरेको छ ।

बिद्यार्थी र मजदुर बढीजसो चर्को घामको मारमा परेका छन् । गर्मीका कारण पठनपाठन प्रभावित



बनेको छ । केही स्थानीय तहले गर्मी बढेपछि विद्यालय बन्द गर्ने निर्णय गरेका छन् । विराटनगर-२ स्थित जनता नमूना माविकी आस्मिन खातुन घामबाट बच्न दैनिक छाता ओढेर बिद्यालय जाने गरेको बताउँछिन् । कक्षा कोठामा बसेर पढ्न असिनपसिन भइन्छ- उनले भनिन्- गर्मीका कारण पसिना चुहिएर किताब कापी भिज्छन् ।

विराटनगर-५ स्थित किड्स भिलेजका प्राचार्य विजय दाहालले अत्यधिक गर्मीका कारण विद्यार्थी बिरामी पर्न थालेका बताए । उनले भने- गर्मीले विद्यार्थी कक्षामा बस्नै सक्दैनन् । कतिपप विद्यार्थीको नाथ्री फुटेर नाकबाट रगत बग्दा घरबाट अभिभावकलाई बोलाउनु परेको छ ।

विराटनगर-२स्थित पोखरिया माविका प्राचार्य खेमराज भट्टराईले बढ्दो गर्मीका कारण विद्यालयमा पठनपाठन असहज बन्दै गएको बताए । विद्यालय आउने विद्यार्थीको संख्या दैनिक घट्दै गएको छ- उनले भने ।

यस्तै बिराटनगर-३ सुकन्या मार्गका विमल कोइराला गर्मीले सताएको बेला बिजुली जाँदा झन समस्या भएको बताउँछन् । बेला-बेलामा बिद्युत् अबरूद्ध हुँदा रातभर जाग्राम बस्नु परेको उनको भनाइ छ । बर्जु गाउँपालिकाका रिक्सा चालक जयराम रायले गर्मीका कारण यात्रु भेटिन छाडेको बताए । गर्मीका कारण आम्दानी ह्वात्तै घटेको रायले बताए ।

कोशी अस्पताल आकस्मिक विभागका चिकित्सक डा. राकेश यादवले गर्मीका कारण बिरामीको चाप बढेको बताए । दैनिक एक सयदेखि दुई सयको हाराहारीमा झाडावान्ता, भाइरल ज्वरो, नाकबाट रगत बग्ने, एलर्जी लगायतका रोगका बिरामी आउने गरेको उनले बताए । डा. यादवले गर्मीका बेला सकेसम्म घरबाट बाहिर ननिस्कन सुझाव दिए । बिरामीको बढ्दो चापका कारण एउटै बेडमा तीन जनासम्म बिरामी राख्नुपर्ने बाध्यता रहेको उनले बताए । विराटनगर महानगरपालिकाले गर्मी बढेपछि यही जेठ १८ र १९ गते नगर क्षेत्रभित्रका सम्पूर्ण सामुदायिक एवम् संस्थागत विद्यालय बन्द गरेको थियो ।

कृषि समाचार

झोल मलमा कृषकको आकर्षण

उमानाथ भण्डारी

कमल, जेठ २१। रसायनीक मललाई न्यूनीकरण गर्दै स्थानीय उत्पादनलाई प्राथमिकता दिने उद्देश्यले झापाको कमल गाउँपालिका आफैंले कमल झोलमल नामक जैविक युरिया उत्पादन शुरु गरेको छ ।

गाउँपालिका कृषि विकास शाखाको सहजीकरणमा अध्यक्ष पकेट कृषि विकास कार्यक्रम अन्तर्गत कमल झोल मल उत्पादन गरेको हो । गाउँपालिकाले आफ्नै लगानीमा उत्पादन गरेको मल कृषकलाई आवश्यकता अनुसार निःशुल्क वितरण गरिरहेको छ । गाउँपालिकाबाट प्राप्त मल प्रयोग गरेपछि कृषकको उत्पादनमा कुनै फरक नपरेको कृषक बताउँछन् ।

गाउँपालिकाबाट निःशुल्क रुपमा पाएको झोलमल आफूले चैते धान बालीका साथै तरकारी वालीमा समेत प्रयोग गरेको थिएँ, यसले रसायनिक मल प्रयोग गरेको भन्दा राम्रो उत्पादन दिएको छ- कमल-२का कृषक विष्णु अधिकारीले भने ।

गाउँपालिकाले गत आर्थिक वर्षबाट रासायनिक मलको विकल्पको रुपमा कमल झोल नामक जैविक मल उत्पादन गर्दैछ । यो मलले उत्पादन बढाउनुका साथै माटोमा भएको विभिन्न समस्यालाई सुधार गरेर कृषकको उत्पादन बढाउने कमल गाउँपालिका कृषि विकास शाखाका प्राविधिक प्रेम पोखरेल बताउँछन् ।

गाउँपालिकाले गत वर्षदेखि नै कमल झोल मल उत्पादन गरेर कृषकलाई वितरण गर्दै आइरहेको छ । यसलाई अझ ठूलो परिमाणमा उत्पादन गरी प्याकेजिङ्ग गरेर छिमेकी पालिकामा समेत विक्री गर्ने योजनामा गाउँपालिका लागेको छ ।

अहिलेसम्म किसानले गाउँपालिकामा नै आएर मल लिएर जानुपर्ने बाध्यता छ । त्यसलाई छिट्टै प्रत्येक वडाबाट सहज रुपमा बितरण गर्ने तयारी समेत भइरहेको कमल गाउँपालिकाकी उपाध्यक्ष प्रमिला न्यौपाने तिवारीले बताउँछिन् ।

कमल झोलमल प्रयोग पछि किसानको खेतको माटो सुधार हुनुका साथै यसले उत्पादनमा समेत वृद्धि गरेपछि किसानले रासायनिक मलको विकल्पको रुपमा कमल झोलमल प्रयोग गर्न थालेका छन् । तर, त्यसमा आउने गन्ध र ढुवानीमा आउने समस्याका कारण गाउँपालिकाको लक्ष्य अनुसार मल खपत भएको छैन । अर्कोतर्फ यो मल प्रयोग गरेपछि कृषकको उत्पादनमा कुनै कमी आउँदैन भन्नेमा कृषकलाई विश्वास नभएका कारणले पनि लक्ष्य अनुसार मल कम खपत भएको पालिकाले जनाएको छ ।

किसान आकर्षित गर्न प्रविधिमा जोड

बनियानी, जेठ २१। किसानलाई प्रविधिमा आकर्षित गर्ने उद्देश्यले कृषि ज्ञान केन्द्र झापाले मेसिनमार्फत धान रोपाइँको तयारी गरेको छ । जिल्लाका चार पालिकामा प्रदर्शनीका रुपमा मेसिनले धान रोपाइँ गर्न लागिएको केन्द्रका प्रमुख सागर विष्टले जानकारी दिए ।

स्थानीय कृषि सहकारी संस्थाको सहकार्यमा विर्तामोड, कनकाई र गौरादह नगरपालिका तथा कमल गाउँपालिकाका ५० जना किसानको ८० बिगाह जग्गामा मेसिनमार्फत धान रोप्न बीऊ राखिसकिएको छ । साथै १५ दिनपछि रोपाइँ शुरु हुने उनको भनाइ छ । किसानलाई प्रविधिप्रति आकर्षित गर्न प्रदर्शनीका रुपमा काम शुरु गरेका हौं- उनले भने- कृषि सहकारीसँग सहकार्य गरेर काम अघि बढाएका छौं, धेरै किसान इच्छुक समेत देखिएका छन् ।

धान रोप्ने मेसिनको प्रयोग गर्दा लागत घट्छ । एक बिगाहमा रोपाइँ गर्दा १५ जना रोपारलाई एक दिन लाग्छ भने मेसिनले गर्दा आधा दिनमै रोपाइँ सकिने प्रमुख विष्ट बताउँछन् । मानिसले रोप्दा एक जना बराबर रू. छ सयका दरले दैनिक ज्यालादारी १५ जनाको रू. नौ हजार लाग्ने तर मेसिनले रू. चार हजार पाँच सयमा काम सकिने हुँदा किसानको झण्डै आधा रकम बचत हुने उनको भनाइ छ । बीऊ राख्ने बेलामा खर्च लागे पनि रोप्ने बेला उखेल्ने खर्च बच्छ- उनले भने- किसानलाई यसले धेरै राहत मिल्ने भए पनि प्रविधिबारे अझै अनभिज्ञ र अन्यौल रहेकाले प्रदर्शनीका रुपमा खेती गर्न लागेका हौं ।

सरकारले अनुदानमा दिएको धान रोप्ने मेसिन कृषि सहकारीमा छन् । ती मेसिन प्रयोग गरेबापतको भाडा केन्द्रले तिरिदिने प्रमुख विष्टले बताए । किसानलाई अनुदानमा रकम दिनेभन्दा प्रविधि दिने उद्देश्यले काम अघि बढिरहेको उनले बताए । कृषि ज्ञान केन्द्र झापाको ७५ प्रतिशत र किसानको २५ प्रतिशत लागतमा मेसिन ल्याइएको हो । चालूआर्थिक वर्षमा केन्द्रले उक्त कार्यका लागि रू. १५ लाख बजेटसमेत विनियोजन गरेको छ । यस पटक गरिएको खेती सफल भए अर्को वर्ष पाँच सय बिगाहमा मेसिनले धान रोप्ने केन्द्रको लक्ष्य छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत जिल्लाका विभिन्न स्थानमा सरकारले लागत सहभागितामा उपलब्ध गराएको हो ।

हल्दिवारीमा मकै रोप्ने मिसिन र स्प्रेट्यांकी

गोलधाप, जेठ २१। हल्दिवारी गाउँपालिका वडा नम्बर १ ले किसानलाई मकै रोप्ने मिसिन र स्प्रेट्याङ्गी वितरण गरेको छ ।

वडाध्यक्ष देवीबहादुर थापाको अध्यक्षता तथा गाउँपालिका उपाध्यक्ष लक्ष्मीदेवी मैनालीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा १८० जना किसानलाई स्प्रेट्याङ्गी र १०० जना किसानलाई मकै रोप्ने मेसिन वितरण गरिएको छ । वडा र किसानको ५०/५० साझेदारीमा उक्त सामग्री वितरण गरिएको वडाध्यक्ष थापाले जानकारी दिए ।

किसानहरुलाई कृषि सामग्री वितरण गर्दै प्रमुख अतिथि मैनालीले कृषकलाई आवश्यकता अनुसार कृषि सामग्री र अनुदान सहयोग गर्ने गरी गाउँपालिका नीति निर्माणका साथ अगाडि बढ्न लागेकोले उपलब्ध सामग्रीको सदुपयोग गर्न समेत आव्हान गरे । वडा अध्यक्ष थापाले ढिलो भए पनि कृषिमा आवश्यक पर्ने स्प्रेट्याङ्गी र मकै रोप्ने औजार यो बर्ष वितरण गरिएको र आगामी बर्षदेखि किसानको आवश्यकता अनुसारका कृषि सामग्री सर्वशुलभ तरिकाले वितरण गरिने बताए ।

वडाको ४ लाख ५० हजार सिलिङ र किसानहरुबाट ४ लाख ५० हजार जम्मा गरी उक्त कृषि सामग्री खरिद गरिएको अध्यक्ष थापाले बताए । कृषि औजार वितरण कार्यक्रममा गाउँ कार्यपालिका सदस्य शान्तादेवी शिवाकोटी, वडासदस्य कुलबहादुर वान्तवा र प्रकाशकुमार कार्कीको उपस्थिति रहेको थियो ।

कृषि सामग्री हस्तान्तरण कार्यक्रमको औचित्यसहित वडा सदस्य प्रकाशकुमार कार्कीले स्वागत गरेका थिए । कार्यक्रमको सहजीकरण वडासचिव तुलना खत्रीले गरेकी थिइन् ।

पाथीभरा ...

संस्थासँग छलफल गरेर अविलम्ब लेखा परीक्षण गर्न र साधारणसभा गरेर बुझाउनुपर्ने सामान बुझाउन निर्देशन दिने प्रजिअ पोखेलको भनाइ छ ।'

मन्दिरको करोडौं भेटी हिनामिना

पाथीभरा मन्दिरमा पाँच वर्षमा संकलन भएको भेटी (नगद, सुन र चाँदी) मा हिनामिना भएको छ । पाथीभरा संरक्षण संस्थाले ०७३ देखिको हरहिसाब देखाउन नसक्दा पाँच वर्षमा कति भेटी संकलन भयो र रकम कहाँ गयो भनेर यकिन हुन सकेको छैन । पाथीभरा संरक्षण संस्था पारदर्शी नभएपछि रोङ गाउँपालिकाले पाथीभरा संरक्षण तथा व्यवस्थापन ऐन-२०७९ जारी गरेर पाथीभरा विकास समितिमार्फत व्यवस्थापनको काम थालेको छ । समितिले फागुन १ गतेबाट पाथीभरा मन्दिरको जिम्मा लिएसँगै एक सय आठ दिनमा ७३ लाख एक हजार ५४ रुपैयाँ संकलन गरेको छ । तर पाथीभराको पुरानो समितिले पछिल्लो १९ महिनाको आय ४७ लाख ७१ हजार दुई सय ३९ रुपैयाँ मात्रै आम्दानी देखाएको हो ।

गाउँपालिकाले आर्थिक वर्ष ०७७/०७८ र ०७८/०७९को सात महिनाको गरी १९ महिनाको लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति गरिएको थियो । १९ महिनामा ४७ लाख मात्र आम्दानी देखिएको लेखापरीक्षकको प्रारम्भिक प्रतिवेदन रहेको अध्यक्ष स्याङ्बोले बताए । यता पाथीभरा संरक्षण संस्थाका अध्यक्ष दिलीप राईले भने पाथीभरा मन्दिरको भेटीमा अनियमितता नभएको दावी गरे । उनले पाथीभरा मन्दिरको आम्दानी पालिकाको समन्वयमा नै मन्दिर क्षेत्रको विकासमा खर्च गरेको दावी गरे । '०७७/०७८ र ०७८/०७९को चाहिँ लेखापरीक्षण गर्न बाँकी थियो- उनले भने- 'पालिकाले कागजात मागिदियो, त्यसपछि गर्न सकेनौं । त्यसअघिको हिसाब सबै सार्वजनिक गरेका छौं ।'

पालिकाले मन्दिरलाई आफ्नो स्वामित्वमा लिएसँगै फागुनमा २१ लाख ७० हजार दुई सय ९४, चैतमा २० लाख ६४ हजार सात सय ४३, वैशाखमा १८ लाख ८५ हजार एक सय पाँच र जेठको १० दिनमा पाँच लाख ४१ हजार दुई सय ३६ संकलन भएको छ । पालिकाले लिएसँगै मन्दिरको आम्दानी देखिन थालेपछि पहिलेको संस्थालाई अनुसन्धान गर्न पालिकाले प्रशासनलाई पत्र काटेको थियो । रोङ गाउँपालिकाको सर्वदलीय बैठकबाट निर्णय गरी पालिकालाई पत्र काटेको हो ।

अर्जुनधारामा उद्यमशिलता तालिम

अर्जुनधारा, जेठ २१। झापाको अर्जुनधार-१०स्थित प्रगति महिला कृषक समूहको आयोजना र टेवा नेपालको आर्थिक सहयोगमा आइतबारदेखि चार दिने उद्यमशिलता विकास तालिम शुरु भएको छ ।

सिप सिकेका महिलाहरुलाई नयाँ उद्यमी बनाउने उद्देश्यले उक्त तालिमको आयोजना गरिएको समूहकी अध्यक्ष गान्धारी मिश्रले जानकारी दिइन् । प्रशिक्षक एवम् उद्यमी सन्तोषकुमार श्रेष्ठले प्रशिक्षण दिने तालिममा ४० जना भन्दा बढी महिलाको सहभागिता रहेको छ । तालिममा कसरी उद्योग स्थापना गर्ने, बजारीकरणलगायतका विषयमा प्रशिक्षण दिइने प्रशिक्षक श्रेष्ठले जानकारी दिए ।

स्थानीय ज्येष्ठ नागरिक सामुदायिक मिलन केन्द्रको सभाहलमा अध्यक्ष मिश्रको अध्यक्षतामा आयोजित उक्त तालिमको प्रमुख अतिथि वडाध्यक्ष भूपेन्द्र न्यौपानेले उद्घाटन गरेका थिए । समूहकी सदस्य भूमिका काफ्लेले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन अर्का सदस्य सावित्राकुमारी बाँस्कोटाले गरेकी थिइन् ।

तरकारी खेती सम्बन्धी तालिम

कमल, जेठ २१। तरकारी खेती सम्बन्धी तीन दिने तालिम एक औपचारिक कार्यक्रकाबीच सम्पन्न भएको छ ।

झापाको कमल-५ सिम्लेमा व्यवसायिक खेती गर्दै आएका कृषकलाई लक्षित गरेर गाउँपालिका-३ केर्खामा मुख्य कार्यालय रहेको मेची सामुदायिक सिकाइ केन्द्रले सञ्चालन गरेको तरकारी खेती सम्बन्धिको तालिम सम्पन्न भएको हो ।

तालिममा ३० जना महिलाको सहभागी रहेको थियो भने तालिमलाई कृषि प्राविधिक टंक कट्टेलले सहजीकरण गरेका थिए । केन्द्रका अध्यक्ष लैनबहादुर पौडेलको अध्यक्षतामा सम्पन्न तालिम कार्यक्रममा कमल गाउँपालिका अध्यक्ष हुकुम सिंह राई, ५ नम्बर वडासदस्य चुरुहाङ्ग लावती लगायतले मन्तव्य राखेका थिए । सचिव दुर्गाप्रसाद नेपालले सञ्चालन गरेको कार्यक्रममा निवर्तमान अध्यक्ष मातृकाप्रसाद नेपालले स्वागत गरेका थिए ।

नागरिकता...

यो विधेयकलाई तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले दुई पटकसम्म रोकेकी थिइन् । भण्डारीले रोकेपछि यो विधेयक अघिल्लो वर्ष भदौदेखि शीतल निवासमा थन्किएको थियो । अघिल्लो संघीय संसद्ले पारित गरेको यो विधेयक राष्ट्रपति कार्यालयमा रोकिएको थियो । तर, नयाँ संसद् आइसकेकाले यसलाई अघि बढाउन राष्ट्रपति कार्यालयबाट संसद्मै ल्याउनुपर्ने कानूनविद्हरुको राय थियो ।

तर राष्ट्रपति पौडेलले कानूनी परामर्श गरेर सिधै विधेयक प्रमाणीकरण गरिदिएका थिए । महान्यायाधिवक्ताको कार्यालयले पनि राष्ट्रपतिले विधेयक प्रमाणीकरण गर्न सक्ने राय दिएका थिए । यो विधेयकमा '२०७२ असोज ३ अघि जन्मका आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक भएमा निजका सन्तानले १६ वर्ष पूगेपछि वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछन्'- भनिएको थियो ।

सो विधेयकबिरुद्ध संसददेखि सडकबाट समेत चर्को आलोचना भएको छ । आइतबारको संसद बैठक प्रतिपक्षी नेकपा (एमाले) लगायतका दलहरुले अवरुद्ध गरेका छन् । बिपक्षी दलहरुले नागरिकता विधेयकलाई फेरि संसदमा ल्याएर छलफल गराउनुपर्ने माग गरेका छन् ।

तु- आवश्यकता

बिर्तामोडको एक फ्रेस हाउसका लागि दक्ष, अनुभवी खसी काट्ने कर्मचारीको आवश्यकता परेको हुँदा अनुभवी व्यक्तिले चाडै सम्पर्क गर्नुहोला ।

तलब: १०,०००।-देखि १५०००।- + खाना/बस्न

साथै चालू अवस्थाको सैलुनका लागि १ जना दक्ष व्यक्तिको तु-आवश्यकता परेको छ ।

तलब: आपसी समझदारीमा । (५०-५० पनि सहमति)

सम्पर्क: ९८०३४०१९७०

मलेशिया विरुद्ध...

विकेटले पराजित भएको थियो भने दोस्रो खेलमा नेपाललेमलेसियालाई सात विकेटले हराएको थियो ।

त्यसैगरी तेस्रो खेलमा नेपालले २७ रनले विजयी हुँदा चौथो खेलमा मलेसियाले नेपाललाई ६ विकेटले हराएको थियो ।

ॐ नमः शिवाय बचत तथा ऋण सहकारी संस्था लि., बिर्तामोड -५, झापाको

कर्मचारी आवश्यकता

मितिः २०८०/०२/१७

यस ॐ नमः शिवाय बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोडको मिति २०८०।०२।०९ गतेका दिन बसेको सञ्चालक समिति बैठकको निर्णय बमोजिम खुल्ला प्रतिस्पर्धाद्वारा कर्मचारी आह्वान गरिएको छ । तपसिलमा उल्लेखित योग्यता पूरा भएका नेपाली नागरिकले बिर्तामोड कार्यालयमा २०८० जेठ २३ गते मंगलबारका दिनसम्म कार्यालय समयभित्र आवेदन दिनुहुन अनुरोध छ ।

तपसिल

पद : कार्यालय सहायक
संख्या : १ जना
कार्यस्थल : ढडुवा सेवा केन्द्र (हल्दिवारी गा.पा. ३, झापा)
उमेर : १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको
शैक्षिक योग्यता : एस.एल.सी. पास वा स्नातक सो सरह
आवेदन शुल्क : २००।- (रु. दुई सय मात्र)
अनुभव : नेपाली टाइप गर्न सक्ने, कम्प्यूटर सम्बन्धी आधारभूत तह (Basic Course)
नोट : दुई पाङ्ग्रे सवारीसाधन तथा लाइसेन्स भएकालाई प्राथमिकता दिइने छ ।
तलब : आपसी समझदारीमा संस्थाको नियमानुसार ।
सम्पर्क नम्बर : ९८०२३६२२०७, ०२३-५९०२०७

भरतलाल गिरी
अध्यक्ष

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यलय
पाँचथर, फिदीम
कोशी प्रदेश, नेपाल

सप्तमी- दशमी- ओखरबोटे-मौवा-आङ्ना-लखुवादोभान (१४.९०० कि. मि.) सडक खण्डको स्तरोन्नतिको लागि

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

भौतिक पूर्वाधार विकास मन्त्रालय कोशी प्रदेश अन्तर्गत पूर्वाधार विकास कार्यलयद्वारा पाँचथर जिल्ला तुम्वावे गाउँपालिका वडा न. १ र ३ मा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

प्रस्तावको व्यहोरा	पाँचथर जिल्ला तुम्वेवा गाउँपालिका वडा नं. १ र ३ मा सप्तमी-दशमी- ओखरबोटे-मौवा-आङ्ना-लखुवादोभान चेनेज (१४.९०० कि.मि.) सडक खण्डको स्तरोन्नति गर्ने (सडकको क्षेत्राधिकार ˙, १०/१० मिटर र सडकको फर्मेशन चौडाइ ˙, ८.२ मि.)
प्रस्तावकको नाम र ठेगाना	पूर्वाधार विकास कार्यालय पाँचथर, फिदिम कोशी प्रदेश,नेपाल सम्पर्क नं : ९८५२६२०१४३ ई-मेल : ido.panchthar@gmail.com
सम्बन्धित मन्त्रालयको नाम र ठेगाना	भौतिक पूर्वाधार विकास मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल
प्रभाव पार्न सक्ने जिल्ला न.पा./ गा. पा.	पाँचथर र (तुम्बेबा गाउँपालिका)
परामर्शदाताको नाम	ग्रिड नेपाल डिजाईन एसोसिएट्स प्रा.लि. धोविघाट, ललितपुर सम्पर्क नं. : ०१-५५२२९१६/९८५११६०१०३ ई-मेल : gridnepal_design@yahoo.com

माथि उल्लेखित आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षणका क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, सांस्कृतिक र आर्थिक प्रणालीबीच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थलको गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले प्रस्तावको ठेगानामा आइपुग्ने गरी यो सूचना प्रकाशन भएको सात (७) दिनभित्र लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन यसै सूचनाद्वारा सम्बन्धित सरोकारवाला सबैमा अनुरोध गरिन्छ ।

राय सुझावहरुको लागी पत्राचार गर्ने निकाय र ठेगाना
पूर्वाधार विकास कार्यलय
पाँचथर, फिदीम
कोशी प्रदेश,नेपाल
सम्पर्क नं : ९८५२६२०१४३
ई-मेल : ido.panchthar@gmail.com

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यलय
पाँचथर, फिदीम
कोशी प्रदेश, नेपाल

बरडाँडा-साव्लाखु- लिम्बुदीन - मेहेले- सुरुमखिम - कञ्चनजंघा आधार शिविर (१४.४०० कि.मि.) सडक खण्डको स्तरोन्नतिको लागि

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

भौतिक पूर्वाधार विकास मन्त्रालय कोशी प्रदेश अन्तर्गत पूर्वाधार विकास कार्यालयद्वारा पाँचथर जिल्लाको याङ्वरक गाउँपालिकाको वडा नं. ४ र ताप्लेजुङ जिल्लाको सिदिङ्वा गाउँपालिकाको वडा नं. ४ मा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

प्रस्तावको व्यहोरा	पाँचथर जिल्लाको याङ्वरक गाउँपालिकाको वडा नं. ४ र ताप्लेजुङ जिल्लाको सिदिङ्वा गाउँपालिका वडा नं. ३ ,४ र ५ माबरडाँडा - साव्लाखु- लिम्बुदीन - मेहेले- सुरुमखिम- कञ्चनजंघा आधार शिविर (१४.४००कि.मि.) सडक खण्डको स्तरोन्नति गर्ने (सडकको क्षेत्राधिकार, १०/१० मिटर र सडकको फर्मेशन चौडाई, ८.२ मि.)
प्रस्तावकको नाम र ठेगाना	पूर्वाधार विकास कार्यालय पाँचथर, फिदिम कोशी प्रदेश,नेपाल सम्पर्क नं : ९८५२६२०१४३ ई-मेल : ido.panchthar@gmail.com
सम्बन्धित मन्त्रालयको नाम र ठेगाना	भौतिक पूर्वाधार विकास मन्त्रालय कोशी प्रदेश विराटनगर, नेपाल
प्रभाव पार्न सक्ने जिल्ला न.पा./ गा. पा.	पाँचथर र (याङ्वरक गाउँपालिका र सिदिङ्वा गाउँपालिका)
परामर्शदाताको नाम	ग्रिड नेपाल डिजाईन एसोसिएट्स प्रा.लि. धोविघाट, ललितपुर सम्पर्क नं. : ०१-५५२२९१६/९८५११६०१०३ ई-मेल : gridnepal_design@yahoo.com

माथि उल्लेखित आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षणका क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक, जैविक, सांस्कृतिक र आर्थिक प्रणालीबीच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थलको गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले प्रस्तावको ठेगानामा आइपुग्ने गरी यो सूचना प्रकाशन भएको सात (७) दिनभित्र लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन यसै सूचनाद्वारा सम्बन्धित सरोकारवाला सबैमा अनुरोध गरिन्छ ।

राय सुझावहरुको लागी पत्राचार गर्ने निकाय र ठेगाना
पूर्वाधार विकास कार्यलय
पाँचथर, फिदीम
कोशी प्रदेश,नेपाल
सम्पर्क नं : ९८५२६२०१४३
ई-मेल : ido.panchthar@gmail.com

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७५९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधिः गोपाल अधिकारी-९८०७५१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वञ्चल

सम्पादकीय

प्रकृतिलाई माया गरौं

वातावरण संरक्षणका लागि विश्वभर चेतना जगाउने उद्देश्यले स्वीडेनको राजधानी स्टकहोममा बाह्र दिनसम्म सञ्चालन भएको सम्मेलनको सार थियो– विश्व वातावरण दिवस । सन् १९७२ मा भएको उक्त विश्व सम्मेलनको उद्घोष अनुरुप १९७३ देखि प्रत्येक वर्षको जुन ५ लाई विश्व वातावरण दिवसका रुपमा मनाउन थालिएको हो । प्रकृतिलाई सुरक्षित राख्न सकिएन भने जैविक विविधता नष्ट हुन्छ र त्यसले सम्पूर्ण प्राणी र वनस्पतिको अस्तित्व संकटमा पर्छ । प्रकृति पृथ्वी हो जहाँ करिब अस्सी लाख बोटबिरुवा र पशु प्रजातिको उपस्थिति छ । त्यसैले पृथ्वीलाई यी सबैको साझा घर भनिएको हो । यस्तो महत्वको साझा घर बढ्दो जनसंख्या, मानवीय गतिविधि र प्रकृतिमाथिको ज्यादतीका कारणले नष्ट भइरहेको छ ।

बढ्दो जनसंख्या, वनमाथिको अतिक्रमण, वन्यजन्तुको आवासमाथि आक्रमण, तीब्र कृषि कार्य र जलवायु परिवर्तनले पृथ्वीको स्वरुप बिग्रिएको छ । त्यसमाथि मानवीय कार्य र प्रकृतिमाथिको ज्यादतीले जैविक विविधता प्रभावित भएको छ । यसले मानव जातिको समेत अस्तित्व संकटमा पर्ने भएकाले प्रकृतिलाई सुरक्षित गर्न आवश्यक छ । त्यसका लागि आममानिसमा जागरुकता बढाउन, वातावरणीय मुद्दाहरुको सम्बोधन गर्न, स्वस्थ र सुरक्षित वातावरण निर्माण गर्न प्रोत्साहन गर्ने उद्देश्यले मनाउन थालिएको यो दिवसको सान्दर्भिकता र आवश्यकता प्रत्येक वर्ष बढेर गएको छ । जुन महिनाको ५ तारिखमा मनाइने यो दिवसको महत्व झनै बढेर जानुका पछि मानवीय गतिविधि मुख्य जिम्मेवार छ । किनकि प्लास्टिकजन्य प्रदूषणले विश्वलाई आक्रान्त बनाएको छ ।

हरेक वर्ष चार सय बिलियन टन प्लास्टिक उत्पादन हुन्छ त्यसको आधा पुनः प्रयोग गरिँदैन । त्यस्तो प्लास्टिकले माटोमा सुख्खापन ल्याउने भएकाले त्यसको प्रत्यक्ष असर कृषि प्रणाली र मानव स्वास्थ्यमा पर्छ । त्यसैले वातावरण र जनस्वास्थ्यमा प्रतिकूलता ल्याउने विषयलाई न्यूनीकरण गर्दै फोहोरमैलाको व्यवस्थापन आजको चुनौती हो । त्यसले त्यस सम्बन्धी कानूनी निर्माण गरी फोहोर व्यवस्थापन गरी संविधान प्रदत्त वातावरण सम्बन्धी मौलिक हकको प्रत्याभूत गर्न सम्बद्ध निकाय गम्भीर हुनुपर्छ । प्रत्येक व्यक्तिको स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई सरकारले कडाइका साथ कार्यान्वयन र सुरक्षित गर्नुपर्छ । वातावरण सम्बन्धी सचेतना विस्तारका लागि नयाँ पुस्तालाई दीक्षित गर्नुपर्छ । वातावरणको अभिन्न अङ्गका रुपमा रहेको वनजंगलको संरक्षण गर्न, पानीको स्रोत सुरक्षित राख्न, जैविक विविधताको संरक्षणसहित पारिस्थितिक प्रणाली जोगाउन अभिप्रेरीत गर्नुपर्छ । सम्पूर्ण प्राणी र वनस्पति, जीवन र प्रकृतिबीचको अन्तरसम्बन्ध र सहअस्तित्वको बोध गराउँदै वातावरण संरक्षणमा सजग गराउनुपर्छ । यो वर्षको प्रचण्ड गर्मीले पनि हामीलाई पृथ्वी र प्रकृतिबीचको अन्योन्याश्रित सम्बन्धलाई बलियो बनाउन प्रेरित गरोस् ।

प्रसंग : प्रधानमन्त्री प्रचण्डको भारत भ्रमण

नखोलेको ईपीजीको प्रतिवेदन पाण्डोराको बाकस हो ?

तीर्थराज खरेल

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा नेपालका सत्तारूढ गठबन्धनका प्रमुख नेता नेकपा माओवादी केन्द्रका अध्यक्ष एवम् प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डद्वारा गरिएको भारत भ्रमणलाई नेपालको राजनीतिकवृत्तमा अर्थपूर्ण रूपमा हेरिएको छ। नेपालमा सङ्घीय संसदको चुनावपछि बनेको सरकारको नेतृत्व समालेपछिको प्रचण्डको दिल्ली यात्रा सरकार प्रमुखको चार दिने औपचारिक भ्रमण हो।

प्रधानमन्त्री दाहाल नेपाली उच्चस्तरीय १२० सदस्यीय जम्बो प्रतिनिधिमण्डलको नेतृत्व गर्दै यही जेठ १७ गते नयाँ दिल्ली प्रस्थान गरेका थिए। पदभार ग्रहण गरेपछिको प्रधानमन्त्री दाहालको यो पहिलो भारत भ्रमण हो। माओवादी केन्द्रको अहिलेसम्मको बटमलाइन काँग्रेससँगको गठबन्धन कायमै राखेर अगाडि जाने भन्ने छ। तसर्थ, प्रम प्रचण्डको यो भ्रमणमा गठबन्धनको पूर्ण समर्थन रहेको बुझ्न सकिन्छ। नेपालमा अमेरिकाको बढ्दो प्रभाव र चीनको चासो बढिरहेको समयमा प्रचण्ड दिल्ली यात्रामा हुनु अर्थपूर्ण यस अर्थमा छ कि नेपालमा बढ्दो अमेरिकी सक्रियतालाई पनि नयाँ दिल्लीले नजिकबाट नियालिरहेको र अमेरिकी सेनाले स्टेट पार्टनरसीप प्रोग्राम (एसपीपी) अन्तर्गत प्रस्ताव गरेको सैन्य सम्झौता अघि बढाउने प्रयासबाट चीनजस्तै भारत पनि झस्केको हुन सक्छ।

प्रधानमन्त्री प्रचण्डले कुटनीतिक संवाद मार्फत् दुई मुलुकबीचमा देखिएका समस्या समाधान गरेर जानुपर्नेमा जोड दिएका छन्। तर, दुःखको कुरा सन् १९५० को सन्धीको पुनरावलोकनको कुराबारे प्रधानमन्त्रीले दिलचस्पी राखेको सुनिएन। प्रधानमन्त्री प्रचण्डले नेपाल-भारतबीच भएको सन् १९५० को सन्धि पुनरावलोकन गरेर दुई मुलुकबीचमा देखिएका समस्या समाधान गरेर जान सकिने बताउँदै आएका थिए। तत्कालीन नेकपा माओवादीले २०५१ सालमा जनयुद्ध शुरु गर्दा सन् १९५० को नेपाल-भारत सन्धी खारेज हुनुपर्ने विषय उठाएको थियो। कथनी र करनीमा आकाश-धर्तीको फरक हुन्छ। नेपाल-भारत प्रबुद्ध समूह (ईपीजी)ले तयार पारेको प्रतिवेदनलाई दुई मुलुकबीचको सम्बन्धमा अझ प्रगाढ बनाउने गरी ग्रहण गरेर अघि बढनुपर्ने हो। तर, अग्निपथमा गोर्खा भर्ती, ईपीजी र शान्ति तथा मैत्री सन्धीको विषयमा दुई प्रधानमन्त्रीहरू बीच द्विपक्षीय र प्रतिनिधि मण्डलस्तरीय बैठकमा कुरा भएन।

दुबै प्रधानमन्त्रीले कुटनीतिक भाषामा 'नेपाल-भारतबीचको सम्बन्ध परापूर्वकालदेखि नै प्रगाढ रहेको छ, कुनै समस्या आए कुटनीतिक संवादको माध्यमबाट समाधान गर्नुपर्छ' भनेका छन्। तर, यथार्थ बोले जस्तो छैन। नेपाल र भारत दुबै देशका प्रबुद्ध व्यक्ति समूह (ईपीजी) नेपाल-भारतको सम्बन्धलाई बद्लिँदो विश्व परिवेश अनुरूप परिवर्तन गर्न आवश्यक अध्ययन तथा गृहकार्य गर्न गठन गरिएको परराष्ट्र मामिलाका विज्ञहरूको समूह हो। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले भारत भ्रमणको क्रममा दुई देशले संयुक्तरूपमा बनाएको प्रबुद्ध बौद्धिक समूह (इपीजी)ले तयार गरेको प्रतिवेदन बुझ्ने र कार्यान्वयन गर्ने विषयलाई जोड दिएर उठाउनुपर्ने भ्रमणमा जानुअघि सल्लाह दिइएको थियो।

ईपीजीको प्रतिवेदन छिमेकी मुलुक भारतसँगको नयाँ सम्बन्धका लागि आधारपत्र हुने विश्वास गर्न सकिन्छ। द्विपक्षीय सम्बन्धका साथै नेपाल र भारतबीच सन् १९५० मा भएको शान्ति तथा मैत्री सन्धि र अन्य सन्धिसम्झौताको नवीकरण, तिनको परिमार्जन र सुधारका निम्ति सुझाव दिन प्रबुद्ध व्यक्ति समूह गठन गर्न दुबै मुलुकका प्रधानमन्त्रीबीच सहमति भए अनुसार समूह गठन भएको हो। नेपाल-भारत दुबै देशले आफ्ना पक्षबाट ४/४ जना विज्ञहरू समावेश गरी यो इमिनेन्ट पर्सनालिटी ग्रुप बनाइएको हो। नेपाल र भारतबीचको विवादित १९५० को सन्धी लगायतका अन्य दुई पक्षीय सम्झौता पुनरावलोकनका लागि सुझाव दिन गठित प्रबुद्ध व्यक्ति समूह (ईपीजी)ले आफ्नो काम पूरा गरेको छ।

काठमाडौंमा वि.सं. २००७ साल साउन १६ गते तद्नुसार सन् १९५०, जुलाई ३१ मा सन् १९५० को



शान्ति तथा मैत्री सन्धी गरिएको थियो। नेपाल-भारत शान्ति तथा मैत्री सन्धिमा नेपाल र भारत सरकार शताब्दियौंदेखि दुई मुलुकका बीच रहिआएको मित्रतापूर्ण सम्बन्धप्रति रहँदै उक्त सम्बन्धलाई अरु विकसित र सुदृढ पारी दुई मुलुकको शान्तिलाई निरन्तरता दिने उद्देश्यले उक्त सन्धी गर्न तयार भएका उल्लेख छ। सो सन्धीमा परस्पर शान्ति तथा मैत्री सन्धी गर्ने निश्चय गरी यो सन्धी गर्ने आधिकारिक व्यक्तिका रुपमा दुई जनालाई सम्पूर्ण अधिकारसहित प्रतिनिधि नियुक्त गरिएको र जसमा नेपालका तर्फबाट महाराज, प्रधानमन्त्री तथा सर्वोच्च सेनापति मोहन शम्शेर जंगबहादुर राणा र भारत सरकारका तर्फबाट नेपालमा भारतका महामहिम राजदूत चन्द्रेश्वरप्रसाद नारायणसिंहलाई तोकिएको उल्लेख छ।

नेपाल-भारत प्रबुद्ध समूहको काठमाडौंमा सम्पन्न नवौं तथा अन्तिम बैठकबाट साझा प्रतिवेदन तयार पारिएको र सिफारिस कार्यान्वयन भए त्यसले दुई देशको सम्बन्धमा नयाँ मोड ल्याउने विश्वास गरिएको छ, तर यतिका वर्षपछि पनि सो प्रतिवेदन सार्वजनिक भएको छैन। नेपाल-भारतको सम्बन्ध बहुआयामिक छ। खास गरी व्यापार, वाणिज्य, आप्रावासन, सुपर्दगी लगायतका विषयमा प्रबुद्ध व्यक्ति समूहले काम गरेको छ। नेपाल र भारतबीचका सन्धि सम्झौताको समग्रतामा अध्ययन गरी सुझाव पेश गर्न गठित प्रबुद्ध व्यक्ति समूह (इपिजी) को नवौं बैठकबाट आफ्नो थपिएको म्याद सकिनुभन्दा चार दिनअघि नै सम्पन्न गरी प्रतिवेदन तयार गरेको हो। यो समूहले सन् १९५० को नेपाल-भारत शान्ति तथा मैत्री सन्धीको पुनरावलोकन सम्बन्धी विषयमा ठोस सुझाव पेश गर्ने सर्वत्र आशा व्यक्त गरिएको छ।

सन् १९५० को शान्ति तथा मैत्री सन्धीका अलावा सीमा व्यवस्थापन र सुरक्षा, जलस्रोत, दुबै मुलुकका राष्ट्रिय हित लगायत विषयमा पनि प्रबुद्ध समूहले सुझाव दिने अपेक्षा गरिएको छ। सन् २०१६ को जुलाईमा पहिलो बैठक बसेको समूहको कार्यकाल दुई वर्ष तोकिएको थियो। सो समूहमा नेपाली समूहका संयोजक डा. भेषबहादुर थापा, डा. राजन भट्टराई, पूर्वमन्त्री नीलाम्बर आचार्य र पूर्व सचिव सूर्यनाथ उपाध्याय तथा भारतीय समूहका संयोजक एवम् भारतीय जनता पार्टीका नेता भगतसिंह कोसियारी, पूर्व राजदूत जयन्त प्रसाद, प्राध्यापकद्वय डा. महेन्द्र पी लामा र भुवनचन्द्र उप्रेती रहेका छन्।

प्रबुद्ध व्यक्ति समूहले दुई देशीय सम्बन्धलाई थप उचाइमा पुऱ्याउने मात्र होइन आगामी पुस्ताहरूलाई समेत हेरेर साझा दस्तावेज तयार गरेकाले इपीजीको प्रतिवेदन ऐतिहासिक हुने निश्चित छ। प्रधानमन्त्रीहरूलाई प्रतिवेदन बुझाएपछि मात्र अन्य विषयहरू बाहिर छलफलमा आउने भएकाले त्यतिबेला यस सम्बन्धमा बढी समालोचना र समीक्षा हुन सक्छ। यो समितिले राजनीतिकदेखि बाहेक अन्य विषयमा मात्र सुझाव दिने हुनाले त्यही आधारमा सबै विषय केलाएर प्रतिवेदन तयार भएको हो। आतंकवाद, उग्रवाद र अवैध मुद्रा, लागूपदार्थ ओसारपसार लगायत तस्करी नियन्त्रणका लागि दुबै पक्षलाई हित हुने गरी सीमा नियमन जस्ता विषयमा भारतले दिएको जोडमा नेपालले समर्थन जनाएको छ। यो प्रतिवेदन कार्यान्वयन भएको खण्डमा दुबै पक्षको हितलाई ध्यानमा राखेर नेपाल र भारत दुबैले लचकता देखाउने र दुबै देशको सम्बन्धमा सकारात्मकता र हार्दिकता बढ्ने अपेक्षा गर्न सकिन्छ।

सन् १९५० को सन्धीलाई नेपाललाई अप्ठेरो पार्ने गरी गरिएको असमान सन्धी मानिन्छ नेपालमा। विशेष गरी वामपन्थी तप्कामा सन् १९५० को नेपाल-भारतबीचको सन्धीलाई खारेज गर्नुपर्ने वा परिमार्जन गर्नुपर्ने विषय पटक-पटक उठ्ने गरेको छ। यो सन्धी बारम्बार विवादको विषय बन्ने गरेको छ र नेपालका विभिन्न पक्षले त्यसलाई संशोधन, खारेज वा नयाँ सन्धीले प्रतिस्थापन हुनुपर्ने आवाज उठ्दै आएका छन्। यस पटकको भ्रमणमा पनि अघिल्ला नेपाली नेताहरू झैं सार्वजनिक खपतका लागि मात्र भए पनि प्रचण्डले नेपाल-भारत मैत्री सन्धी १९५० को पुनरावलोकनको कुरा उठाएनन्। किन नेपालका प्रधानमन्त्रीहरू नेपाल-भारत प्रबुद्ध समूह (ईपीजी)को प्रतिवेदन ग्रहण एवम् सार्वजनिक गरी कार्यान्वयन हुनुपर्नेमा जोडदार रूपमा बोल्न सक्दैनन् ?

नेपाल र भारतबीचको वाणिज्य र पारवहन सम्बन्धी महत्वपूर्ण सन्धीहरूको बृहत समीक्षा गरी अघि बढ्न दुबै पक्ष तयार हुनुपर्ने हो। तर, प्रम प्रचण्डले ईपीजीबाट बाहिर निकालेर सन्धीको कुरा गर्नु, सीमाको कुरा गर्नु वा फेरि प्रतिवेदनको विषय जोड्नु फगत खपतको विषय र नेपालीलाई सुनाउने कुरा मात्र देखिन्छ। किनकि ईपीजीले आफ्नो काम सम्पन्न गरिसकेपछि थुप्रै पटक नेपाल-भारतको बीचमा उच्चस्तरीय भ्रमण भइसकेका छन् भने प्रतिवेदन नै धमिरा लाग्ने अवस्थामा पुगिसकेको छ। यो विषय नेपालको रुची, सुझाव, कुनै नेताको दबाब वा प्रभावले नभई भारतीय संस्थापनको रुचिमा निर्भर छ। नेपालका लागि असमान लागीरहेको सन्धी भारतका लागि असमान लाग्दैन, यो ध्रुवसत्य हो। नेपालको सीमा मिचिएको ठाउँमा भारतलाई दुख्दैन, सीमा क्षेत्रमा भारतले बनाएको ठूला सडक संरचनाका कारण नेपाल डुब्छ, भारत डुब्दैन।

अर्थात् नेपालले भोगिरहेको समस्यामा भारतलाई सल्लाह होइन दबाब दिनुपर्ने हो। गत पुस १० गते प्रधानमन्त्री नियुक्त भएका प्रचण्डको पहिलो भ्रमण भारत नै रह्यो। नयाँ दिल्लीमा प्रधानमन्त्री प्रचण्ड र समकक्षी मोदीबीच विभिन्न सात विषयमा समझदारी पत्रमा हस्ताक्षर भयो। सरकारले पहिलो चाँदनी दोधारमा एकीकृत जाँच चौकी पूर्वाधार निर्माण विषयमा सम्झौता गरेको छ। दोस्रो, नेपाल-भारत पारवहन सन्धी नवीकरण भएको छ। नेपालको वैदेशिक व्यापार सहजीकरणका लागि निकै महत्त्वपूर्ण मानिने नेपाल-भारत पारवहन सन्धी १९९९ संशोधनसहित नवीकरण भएको हो। सन्धीको नवीकरणपछि नेपालबाट समुद्रसम्म पानीजहाज सञ्चालनको बाटो खुलेको छ भने नेपालले भारत र तेस्रो देशसम्मको व्यापारका लागि जलमार्गसहित थप सुविधा पाएको छ।

तेस्रो, पेट्रोलियम पूर्वाधार विकासको क्षेत्रमा सहकार्यको विषयमा हस्ताक्षर भएको छ। चौथो, भारतीय कम्पनी सतलज र नेपालको लगानी बोर्डबीच तल्लो अरूणको परियोजना विकासबारे पनि समझदारी भएको छ। परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान र सुष्मा स्वराज इन्टिच्युटबीच सहकार्य, भारतीय कम्पनी एनएचपीसी लिमिटेड र नेपालको विद्युत उत्पादन कम्पनीबीच फुकोट कर्णाली आयोजना निर्माण र नेसनल पेमेन्ट कर्पोरेशन अफ इण्डिया र नेपाल क्लियरिङ हाउसबीच अन्तरदेशीय डिजिटल भुक्तानी कारोबारमा हस्ताक्षर भएको हो। यसलाई सरकारले कोशेढुंगाको रूप लिँदै ऐतिहासिक भनेको छ। प्रधानमन्त्री प्रचण्डले विद्युतका क्षेत्रमा ब्रेकथ्रु भएको दाबी गरिसकेका छन्। ईपीजीको प्रतिवेदन आजसम्म पनि गोप्य राखिएको कारण थाह हुन सकेको छैन। यो कतै पाण्डोराको बाकस जस्तो खोल्ने बित्तिकै समस्याहरू आउने त होइन भन्ने त्रासका कारण यस्तो गरिएको अनुमान लगाउन सकिन्छ। रामायण सर्किट तथा बृहत् भारत जस्ता विषयवस्तु बहस र छलफलका लागि भारतले अघि सारेको छ। प्रम पुष्पकमल दाहाल प्रचण्डको यो भ्रमण नेपालतर्फको पर्याप्त तयारी नगरिएको, परम्परागत र भारतीय योजना अनुरूप भएकोमा दुईमत छैन।

tirthakharel2028@gmail.com

सन्दर्भः विश्व वातावरण दिवस

विश्व वातावरण दिवस र वातावरण संरक्षण

नेत्रप्रसाद निरौला

आज जुन ५ र आज विश्व वातावरण दिवस। सन् १९७३ देखि संयुक्त राष्ट्रसंघले जुन ५ का दिन वातावरण दिवस मनाउन शुरु गरेको हो। यसरी संयुक्त राष्ट्रसंघले वातावरण दिवस मनाउन शुरु गरेको आधा शताब्दी अथवा ५० वर्ष पुगेको देखिन्छ। यसपटकको विश्व वातावरण दिवसको नारा- 'प्लाष्टिक प्रदुषणलाई जितौं' (Beat the plastic pollution) भन्ने रहेको छ।

यसपटक निक्कै गर्मी मौसममा हामी वातावरण दिवस मनाइरहेका छौं। यसरी मौसममा आइरहेको परिवर्तन जसमा पनि मौसम निकै गर्मी भएर दैनिक जीवनलाई नै असर पुऱ्याउन सक्ने अवस्था छ। यसलाई विश्व उष्णिकरण (global Warming) नामले चिनिन्छ। यसरी हेर्ने हो भने विश्व उष्णिकरणको असरको दृष्टिकोणले नेपाल धेरै संवेदनशील क्षेत्रमा पर्दछ। कतिपय संस्था (विज्ञ)हरुले नेपाल वातावरण परिवर्तनको असरका दृष्टिकोणले विश्वमा चौथो नम्बरमा नै पर्छ भन्ने तथ्याङ्क दिएका छन् भने धेरैले नेपाललाई छैटौं स्थानमा राखेको पाइन्छ। जे होस यसले के संकेत गर्दछ भने नेपाल वातावरण परिवर्तनले ल्याउन सक्ने सम्भावित विपद्हरुको दृष्टिकोणले निक्कै संवेदनशील क्षेत्रमा पर्दछ। यसपटक एउटा वातावरणीय क्षेत्रमा काम गर्ने अन्तर्राष्ट्रिय संस्थाले हालसालै गरेको सर्वेक्षणले के देखाउँछ भने विश्वमा जसरी औसत तापक्रम बढ्दै गइरहेको छ। विश्वमा वार्षिक रुपमा वृद्धि भइरहेको औसत तापक्रम ०.०३ डिग्री सेल्सियस देखिन्छ भने नेपालको वार्षिक औषत तापक्रम वृद्धि ०.०५६ डिग्री सेल्सियस देखिन्छ। यसरी हेर्दा नेपाल वास्तवमा नै वातावरणीय परिवर्तनका दृष्टिकोणले संवेदनशील क्षेत्रमा पर्दछ।

हाम्रा उत्तरतिर भएका सेताम्मे हिमालहरु सबै पग्लिए भने ढुंगे पहाडहरु मात्र रहन सक्छन्। जसले गर्दा हिमाली भेगमा त नकारात्मक प्रभाव पर्छ नै पर्छ यसले तलतिरको तटीय भू-भागहरु, तराई लगायत नेपालका सबै भू-भागहरुमा उत्तिकै असर पार्छ। त्यसकारण यो विश्व उष्णिकरणले हिमाली क्षेत्रलाई मात्र असर पुऱ्याउला भनेर तराइका बासिन्दाहरु ढुक्कसँग बस्ने बेला छैन। र, हामी एउटा भ्रममा सर्धैं परिरहेका छौं उदाहरणका लागि यस्ता हावापानी परिवर्तनले ल्याउने अवसर ठूला-ठूला विकसित तथा औद्योगिक राष्ट्रहरु अथवा हावापानी परिवर्तनको प्रभाव औद्योगिक राष्ट्रहरूमा मात्र पर्छ भन्ने सोच हामी धेरैमा रहेको पाइन्छ। तर, यथार्थमा यस्ता विपदहरुको असर कम विकसित, गरीब राष्ट्रहरूलाई बढि परिरहेको हुन्छ। यस्ता गरीब राष्ट्रहरुले विपद् पूर्व तयारी, अल्पिकरण, विपद् प्रतिकार्य, पुनर्स्थापना, पुननिर्माण जस्ता कार्यहरूमा पर्याप्त स्रोत र साधन खर्च गर्न सक्दैनन्। त्यसैले गरीब राष्ट्रका गरीब जनतालाई विपद्ले बढी असर पुऱ्याएको हुन्छ।

हामी हाम्रा गाउँघर समाजमा हेर्दा पनि यो कुरा थाह पाउन

सक्छौं। बाढी-पहिरो, आगलागी, शीतलहर, गर्मी आदि जस्ता विपद्ले विपन्न वर्गका गरीब जनताहरुलाई नै बढी मात्रामा असर पुऱ्याएको हुन्छ। अझ यहाँनेर गम्भीर कुरा त के छ भने हाम्रो जस्तो कृषि प्रधान देश, जहाँका धेरै जनताहरु कृषिमा संलग्न छन्। अर्थतन्त्रको मुख्य आधार कृषि हो, यस्ता देशलाई यो विश्व उष्णिकरणले अझ गम्भीर स्थितिमा पूराउन सक्छ, खतरा रहन्छ। विश्व उष्णिकरणका कारण हावापानीमा आउने हठात फेरबदलले उत्पादनमा प्रत्यक्ष असर पुऱ्याउन सक्छ र राष्ट्रमा अनिकाल, भोकमरी निम्त्याउन सक्छ। यसका लागि पनि हामी सजग र सचेत रहनुपर्छ।

अन्तर्राष्ट्रिय वा राष्ट्रिय स्तरमा विश्व उष्णिकरणका बारेमा कहाँ के सम्मेलनहरू हुन्छन्, के नीति-नियमहरु बनाइन्छन् र विकसित राष्ट्रहरुले आफ्नो स्वार्थका लागि कस्ता नीति-नियमहरु निर्माण गर्छन् भन्ने जस्ता कुराहरुलाई होइन आज म यहाँ हरेक व्यक्तिको चासो अब वातावरण संरक्षणमा रहनुपर्छ जसले गर्दा विश्व उष्णिकरण घटाउन मद्दत गर्छ र व्यक्ति, परिवार, टोलले के गर्न सकिन्छ ? हाम्रो स्थानीय स्तरमा के भूमिका रहन सक्छ ? भन्ने बारेमा छोटकरीमा चर्चा गर्न चाहन्छु।

सर्व प्रथमतः हामीले स्थानीय स्तरमा, टोल-टोलमा वातावरण संरक्षण एउटा महत्वपूर्ण विषय हो भनेर सचेत हुन जरुरी छ। वातावरणीय क्षतिले विश्व उष्णिकरण वृद्धि गराएर लान्छ र यसको परिणाम हामीले भोग्नुपर्छ भन्ने कुरालाई गम्भीरतापूर्वक सचेत हुन जरुरी छ। वातावरणीय संरक्षण र विश्व उष्णिकरणको विषय पढे-लेखेका माथिल्लो स्तरका मानिसहरूको मात्र विषय होइन, यो हाम्रो पनि चासोको विषय हो भन्ने कुरा बुझ्न जरुरी छ र गाउँ, समाज, टोलमा हुने औपचारिक, अनौपचारिक कार्यक्रमहरुमा वातावरण संरक्षणका गतिविधिहरु समावेश गर्न आवश्यक छ। एउटा व्यक्तिले के गर्न सकिन्छ, व्यक्तिले गर्नुपर्छ, एउटा परिवारले के गर्नसक्छ, परिवारले गर्नुपर्छ र एउटा समाज टोलले के गर्नसक्छ, टोल समाजले गर्नुपर्छ।

गाउँघर, टोल सफा राख्नुपर्छ, खाली ठाउँहरुमा वृक्षरोपण गर्ने, खाली ठाउँ देख्ने बित्तिकै लुकाएर फोहर फाल्ने बानीलाई आजैदेखि अन्त्य गर्नुपर्छ। फोहोरमैला व्यवस्थापनका विषयमा ध्यान दिन जरुरी छ। फोहरमैलालाई छुट्याएर राख्ने बानी बसाल्न जरुरी छ, कुहिने र नकुहिने फोहरमैला छुट्टाछुट्टै छुट्याएर राख्नुपर्छ। कुहिने फोहोरबाट मल बनाउनुपर्छ र करेसाबारी वा खेतबारीमा प्रयोग गर्नुपर्छ। अब नकुहिने फोहोरलाई पनि पुनः प्रयोग गर्न सकिने प्रकारका फोहरहरुलाई पुनः प्रयोग गर्ने र पुनर्चक्रण गर्नुपर्ने फोहोरहरुलाई सुरक्षित रूपमा फोहोर फाल्ने निश्चित स्थानहरुमा व्यवस्थित रुपले व्यवस्थापन गर्न पहल गर्न जरुरी छ। यसरी हामीले स्थानीय स्तरमा गरेका सामान्य प्रयासहरुले फोहोर व्यवस्थापनमा ठूलो मद्दत पुग्न सक्छ। साथै प्रत्येक घरले फोहोरको व्यवस्थापन गर्ने प्रयास गऱ्यो भने धेरै ठूलो फोहारको परिमाण निस्कँदैन र फोहोर सजिलै व्यवस्थापन हुन सक्छ।

त्यसैगरी आजको विश्व प्लाष्टिकजन्य फोहोरले आक्रान्त हुन पुगेको छ। प्लाष्टिक वास्तवमा वातावरणका लागि एउटा खतराका रुपमा देखा परिरहेका छ। यसलाई बाल्नु झन् नराम्रो हो, यसले झन् ठूलो वातावरण प्रदुषण निम्त्याउँछ, त्यसैले प्लाष्टिकको प्रयोग सकेसम्म कम गर्नु पनि वातावरण संरक्षणमा टेवा पुऱ्याउनु हो। यो वर्षको विश्व वातावरण दिवसको नारा नै प्लाष्टिकबाट हुने प्रदुषणबाट विश्वलाई जोगाउनेसँग सम्बन्धित छ। यसले पनि के देखाउँछ भने प्लाष्टिकजन्य वस्तुले हामीलाई कति पिरोलिरहेको छ। यसरी स्थानीयस्तरमा फोहरमैला व्यवस्थापनका लागि हामी थुप्रै काम गर्न सक्छौं। हाम्रा नानीहरुलाई घरबाटै फोहरमैला उचित स्थानमा व्यवस्थापन गर्न सिकाउने, प्लाष्टिकको विवेकपूर्ण प्रयोग गर्न सिकाउने जस्ता धेरै हामीले गर्न सक्ने सामान्य र सजिलो प्रयासहरुले वातावरण संरक्षणमा ठूलो मद्दत पुग्न सक्छ र विश्व उष्णिकरणबाट हामी बच्न सक्छौं। त्यसैले आज अहिलेबाटै यो पहल शुरु गरौं।

(निरौला विपद् व्यवस्थापन, पर्यटन तथा समसामयिक विषयमा कलम चलाउँछन्।)

'ट्रे'मा राखिएको धानको बीऊ : मेसिनको प्रयोग गरेर धान रोप्न 'ट्रे'मा राखिएको धानको बीऊ । कृषकलाई कृषि प्रविधिमा आकर्षित गर्न कृषि ज्ञान केन्द्र झापाले जिल्लाका चार पालिकामा मेसिनले धान रोपाइँ गर्न तयारी गरिरहेको छ । *तस्वीरः रासस*

कोटीहोममा २१ जना सम्मानित

सुरुङ्गा, जेठ २१। कनकाईधाम धार्मिक विकास संस्था कनकाई-४ कोटीहोमको १६औं वार्षिक साधारणसभा तथा दशौं अधिवेशनमा संस्थालाई सहयोग पुऱ्याउने व्यक्तिहरुलाई सम्मान गरिएको छ ।

सम्मानित हुनेमा संस्थाका कार्यालय सचिव कृष्णप्रसाद ढकाल रहेका छन् । विगत १५ वर्षदेखि संस्थाको कार्यालय सचिवको भूमिकामा रही काम गरिरहेका ढकाललाई उत्कृष्ट कर्मचारीका रूपमा नगद पुरस्कारसहित सम्मान गरिएको हो । त्यसैगरी संस्थाको भौतिक तथा आध्यात्मिक क्षेत्रमा सहयोग पुऱ्याउने पं. इश्वरकृष्ण महाराज, गोलोक गोबर्द्धन गौशाला सतासीधामका महन्त नन्दकिशोर भारद्वाज, पुण्यप्रसाद बाराकोटी, शान्ता बाराकोटी, अम्बिकादेवी खरेल, बलदेव चौधरी (बिर्तामोड), डिल्लीराम मैनाली (बी एण्ड बी ट्रेडर्स बिर्तामोड), डा. भम्पा राई (मरणोपरान्त), मोहम्मद इजराइल, राधेश्याम अग्रवाल, अत्रिगोत्रीय ठाडाराई अधिकारी सेवा समाज, गंगालाल गुरुङ, दुर्गाप्रसाद पराजुली, लाइनबहादुर थापा, पवित्रा बानियाँ, शारदा उप्रेती घिमिरे, इन्द्रकुमारी इजम लिम्बू, कमल लिम्बू, सृजना लिम्बू, सचिन लामा लगायतलाई दोसल्ला ओढाई फूलमाला र सम्मानपत्रले सम्मान गरिएको थियो ।

कार्यक्रममा अध्यक्ष नबलकिशोर दत्तले वार्षिक प्रतिवेदन, महासचिव डिल्लीराम बाराकोटीले सांगठानिक प्रतिवेदन, लेखा समिति संयोजक खड्गप्रसाद प्रसाईंले लेखा परीक्षण प्रतिवेदन र कोषाध्यक्ष नरेन्द्रप्रसाद फुयाँलले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । संस्थाका अध्यक्ष नवलकिशोर दत्तको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि झापा क्षेत्र नं. ४ का संघीय सांसद एलपी साँवा लिम्बूले कोटीहोम क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्रको रूपमा विकास गरी जनताको रोजगारी र समृद्धिसँग जोड्न आवश्यक रहेकोमा जोड दिएका थिए ।

समाजसेवीहरू हीराकुमार थापा, डा.पुण्यप्रसाद पौडेल, गोविन्दप्रसाद पौड्याल, वेदप्रकाश अग्रवाल, शेरबहादुर थापा, सुनिता सिग्देल (खरेल), चन्द्र मैनाली (भतिज), मान्ता खरेल, शम्भुप्रसाद पोखरेल, कृष्णप्रसाद घिमिरे लगायतको आतिथ्य रहेको थियो ।

कार्यक्रममा कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेल, नेपाल स्वतन्त्र पार्टीका कनकाई नगर अध्यक्ष नन्दकुमार चुडाल, आचार्य छन्दुराम भण्डारी, सुरुङ्गा खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका अध्यक्ष भीमप्रसाद अधिकारी, गौतम समाजका अध्यक्ष निधिरमण गौतम लगायतले मन्तव्य राखेका थिए । संस्थाका वरिष्ठ उपाध्यक्ष नारायणप्रसाद ओलीको स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव अम्बिकादेवी खरेलले गरेकी थिइन् ।

बाँदर आतंकका कारण मेचीनगरवासी हैरान

लक्ष्मी उप्रेती

मेचीनगर, जेठ २१। मेचीनगरमा दैनिकजसो हुने बाँदर आतंकले स्थानीयवासी हैरान भएका छन् । मेचीनगर नगरपालिका वडा नम्बर ११ र १२ मा बाँदरले खेतबारीमा लगाएको बालीमा क्षति पुऱ्याउन थालेपछि स्थानीयबासी हैरान भएका हुन् ।

नजिकैको जंगललबाट ठूलो संख्यामा आउने गरेको बाँदरले मेचीनगरका विभिन्न वडाका गाउँ र बस्तीमा पसेर स्थानीयबासीको घरको अन्न तथा फलफूल समेत खाइदिने गरेका कारण उनीहरु त्रसित बन्न थालेका छन् । उनीहरु खेतबारीको मात्र होइन बाँदरका कारण घरभित्र राखेको अन्नवाली समेत कसरी जोगाउने भन्ने चिन्तामा छन् । घर नजिकैको जंगलबाट गाउँ छिरेर बाँदरले अन्नबालीमा नोक्सानी पुऱ्याउन थालेपछि बाँदर आतंकका कारण गाउँ नै छाड्न बाध्य हुनुपर्ने अवस्थाको सिर्जना हुन् लागेको पीडितहरुको भनाइ छ ।

'गाउँको बीचमा भएको खेतीमात्र होइन घरभित्र भण्डारण गरिएको अन्नवाली समेत जोगाउन नसकेर हैरान परिसक्यौं, अब त गाउँ नै छाड्नुपर्ने अवस्था सिर्जना भएको र गाउँ छाड्नु बाहेक विकल्प नभएको स्थानीयको गुनासो छ ।' घरमा भित्र रहेको अन्नपात, फलफूल केही बाँकी नराखेर घर-घरमै भित्रै पसेर समेत खान थालेपछि स्थानीय बाँदर आतंकले गर्दा उत्पादन गर्न नपाएपछि बाँच्ने विकल्प नभएका कारण गाउँ नै छाड्ने अवस्थामा पुगेको वडा नम्बर ११ का बासिन्दा योगेश भट्टराईको भनाइ छ ।

कानूनले बाँदर मार्न पाइँदैन, बाँदरले स्थानीयलाई बाँच्न नदिएपछि अब सबै गाउँले मिलेर हेरालु राख्ने अभियान चलाउने स्थानीयबासीले सोच बनाएका छन् । बिहानदेखि बेलुकीसम्म बारीमा बसेर बाँदर हेर्दा समेत अन्न जोगाउन नसकिएको भट्टराईको भनाइ छ । मेचीनगरका यी दुईवटा वडासहित अन्य वडाहरु लगायत नगरका अधिकांश क्षेत्रमा बाँदरले सताउने गर्दछ ।

वनजंगलमा खानेकुरा नपाएपछि बाँदर बस्ती पस्न शुरु

गरेको र घरभित्र पसेर खानेकुरा खाने गरेको गुनासो स्थानीयको छ । केही दिनअघि फाट्टफुट्टरुपमा देखिएको बाँदरको सख्या पछिल्लो समय ह्वात्तै वृद्धि भएको छ । गाउँमा बाँदरको संख्या बढेपछि अन्नबाली बचाउनै मुस्किल परेको स्थानीय रमा धिमालको भनाइ छ । मेचीनगरकी स्थानीय हरिमाया कार्की भन्छिन्- 'साँझ बिहान ठूलो संख्यामा आउने बाँदरहरुले घरभित्र पसेर अन्न तथा फलफूल समेत खाइदिने गरेका कारण हैरान भएका छौं ।' बाँदरले गाउँले माथि पनि आक्रमण गर्ने गरेको उनले बताइन् । गाउँलेलाई बाँदरले दुःख दिन थालेपछि स्थानीय प्रशासन तथा प्रहरीसँग स्थानीयबासीले सुरक्षा मागेका छन् ।

स्थानीयको मुख्य: पेसा नै कृषि भएकाले बाँदरबाट बर्षेनि कृषि उपज नष्ट गर्ने कारण समस्या भएको उनको भनाइ छ । बाँदर नियन्त्रणका लागि देशका अन्य स्थानमा बाँदर धपाउने यन्त्र ल्याएको सुनेको भए पनि आफ्नो ठाउँमा चाहिँ नपाएको स्थानीको भनाइ छ । वडाबासीले स्थानीय सरकार र डिभिजन बन कार्यालय झापालाई बाँदर नियन्त्रण गर्ने उपाय खोजी गर्न आग्रह गरेका छन् । बाँदरका कारण मेचीनगरको ७ र ८ नम्बर वडावासी समेत प्रभावित भएकाले पीडित किसानको माग अनुसार बजेट व्यवस्था गरेर बाँदर नियन्त्रणका लागि योजना अघि सार्न स्थानीयले मेचीनगर नगरपालिकासँग माग गरेका छन् ।

डिभिजन वन कार्यालय झापाका डिभिजनल वन अधिकृत मेघराज राईले जिल्लामा बाँदर नियन्त्रणको लागि कुनै कार्यक्रम नभएको प्रतिक्रिया दिए । बाँदर नियन्त्रणको लागि अहिलेसम्म अपनाएका सबै उपाय दीगो नभएकोले कार्यालयले पनि कुनै ठोस कार्यक्रम नराखेको उनको भनाइ छ । 'नेपाल सरकारले हानिकारक जनावरको सूचीमा राखेका १४ वटा जनावारमा बाँदर पर्दैन' डिभिजनल वन अधिकृत राईले भने- 'सूचीमा नपरेका जनावरबाट बालीनाली तथा मानवमा क्षति पुऱ्याए राहत दिने निर्देशिकामा उल्लेख नभएपछि बाँदरबाट पीडितले सरकारबाट कुनै पनि राहत पाउँदैनन् ।'

सरकारले हात्ती, अर्ना, बाघ, भालु चितुवा, ध्वाँसे चितुवा, अजिंगर, हिम चितुवा, गौरीगाई बँदेल लगायतका १४ वटा जनावरलाई हानिकारक जनावरको सूचीमा राखेको छ । बाँदर नियन्त्रणका लागि घरेलु विधि तथा पासो अपनाउनुपर्ने राईको भनाइ छ । तर, अन्य जनावरको तुलनामा बाँदर अलि बाठो हुने भएकाले पासो थापेको थाहा पाउने बित्तिकै वैकल्पिक मार्ग खोज्न थाल्ने उनको भनाइ छ । अहिले पनि बाँदर पीडितहरु डिभिजन वन कार्यालयमा समस्या लिएर आउने गरेको उनको भनाइ छ ।

जग्गा खरिद गर्न सहयोग

बिर्तामोड, जेठ २१। स्वच्छ समाजका लागि सामाजिक अभियान झापालाई मनकारी दाताले जग्गा खरिदका लागि आर्थिक सहयोग गरेका छन् ।

बुट्टाबारी निवासी समाजसेवी दाताराम लक्ष्मी तिम्सिना तथा बिर्तामोडस्थित डिल्ली सुनिता ओली परोपकारी फाउण्डेशनले अभियानलाई सहयोग गरेका हुन् ।

तिम्सिनाले ५० हजार र फाउण्डेशनले २५ हजार पाँच सय ५५ रुपैयाँ प्रदान गरेका हुन् । बिर्तामोड-३ स्थित ओली डिल्ली सुनिता परोपकार केन्द्रमा उक्त रकम अभियानका अध्यक्ष गणेश ढुङ्गानालाई प्रदान गरेका हुन् ।

असहाय, गरिब तथा दिनदुःखीहरुका लागि आश्रम निमार्ण गर्ने उद्देश्यले लामो समयदेखि बजार क्षेत्रमा रहेका फोहोर संकलन गर्दै अभियन्ता गणेश ढुङ्गाना हिँडीरहेका छन् । पानीका बोतल, प्लाष्टिकसहितका अन्य फोहोर संकलन गर्दै त्यो बिक्री गरेर असहाय, गरीबलाई राख्नका लागि आश्रम बनाउन ढुङ्गाना लागीपरेका छन् ।

आश्रम निमार्ण गर्न अर्जुनधारा-११ मा एक कट्ठा जग्गा बैना गरिसकिएको ढुङ्गानाले बताए । त्यही जग्गा खरिदका लागि एक धुर एक दाताहरु अभियान अन्तर्गत अहिले सहयोग गर्दै आइरहेको पनि उनले बताए ।

यसअघि उपाध्यक्ष शेरबहादुर थापा, गोपीकृष्ण खरेल, नीमा तामाङ, कृष्ण गिरी, सूर्यप्रसाद कन्दङ्गवा लगायतले एक-एक धुरको रकम हस्तान्तरण गरिसकेका छन् ।

अभियन्ता ढुङ्गानाले फोहोर संकलन गरेको देखेर दाताहरुले सहयोग गरेका हुन् । पवित्र उद्देश्यले अभियानले थालेको कार्यमा सबैले सहयोग गरिदिन अभियन्ता ढुङ्गानाले आग्रह गर्दै ९८६२६४२७१२ मा सम्पर्क गरिदिन अनुरोध गरेका छन् ।

रकम हस्तान्तरण कार्यक्रममा अभियानका सल्लाहकार बोलप्रसाद कोइराला, दाताहरु तिम्सिना, डिल्ली ओली र सुनिता ओली लगायतले सकारात्मक कार्यमा आफूहरुले सहयोग गरेको बताए । कार्यक्रमको सञ्चालन अभियानका सञ्चार संयोजक रञ्जित परियारले गरेका थिए ।

ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

बिशेष उपचार अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टरमा

उपचार हुने समस्याहरु: नशा च्यापिएको, कम्मर, गर्दन, घुडा दुख्ने, प्यारालाइसिस, मुख बाङ्गिएको, बाथ, युरिक एसिड, पायल्स, फिसर, फिस्टुला, ग्याष्ट्रिक, कब्जियत, पिनास, खोकी, थाइराइड, कोलेस्ट्रोल, छालाको समस्या, यौन समस्या, मृगौलाको पत्थरी, जन्डिस आदि ।

थप जानकारीक लागि :
बिर्ता आयुर्वेद एण्ड फिजियो थेरापी सेन्टर
बिर्तामोड-झापा, राजगढ बस स्टेण्ड दक्षिण (फोन नं.: ०२३-५३२३६६/९८०६०००३१३)
अष्टाङ्ग आयुर्वेद फार्मेसी ०२३-५९०१६६

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

इ-साइकल र स्कुटी
ब्याट्रीबाट चल्ने स्कुटी र साइकल

विशेष छुटमा Rs. 65,000/-
विशेष छुटमा Rs. 1,50,000/-
जिटेक तराजु & ई-साइकल पसल
पुरानो भद्रपुर रोड, बिर्तामोड
9817949745, 9802742456

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।

विशाल हरिजन
९८२४९९०४६२,९७४५२६०८२५
९८१४९९३७१२, ९८४२६७७८५५
नोटः आधुनिक प्रविधिबाट सञ्चालित झापाकै सबैभन्दा ठूलो सेफ्टी ट्यांकी अनुभवी व्यक्तिबाट ट्वाइलेट ढलक भएमा सर्भिसको व्यवस्था छ ।

कर्मचारी आवश्यकता
यस ग्रेट फ्युचर मार्ट कम्पनी बिर्तामोडमा कर्मचारी आवश्यकता भएकोले इच्छुक व्यक्तिले कार्यालयमा तु-सम्पर्क गर्नुहोला ।
संख्या : ५ जना भूपू ।
तलब : १५१०० सम्म न्यूनतम्
योग्यता : एसईई वा +२ सो सरह
उमेर : १८ देखि ४० बर्षसम्म
सम्पर्क:
ग्रेट फ्युचर मार्ट कम्पनी
बिर्तामोड-४, भद्रपुर बस स्टेण्ड
९८१४३९७३४०, ९८४२४४७१६०, ९८२३४६६९२१

हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

'हामी नामले होइन कामले चिनाउने प्रतिबद्धता गर्दछौं'
MOBHI KOREAN LANGUAGE CENTER
भाषा प्रशिक्षण केन्द्र
२०२३ मा १००% विद्यार्थी पास गराउन सफल
यहाँ Warrently Class पढाउनुको साथै Free Online Class को पनि व्यवस्था छ ।
प्रशिक्षक
मोहन सिहं लिम्बू
9816064920 / 9862034392
हाम्रा विशेषताहरु
१) शान्त वातावरणमा पठनपाठन
२) सीमित विद्यार्थीबीच कक्षा सञ्चालन ।
३) डबल क्लास तथा फ्रि अनलाइन कक्षाको सुविधा ।
सम्पर्क कार्यालयः बुधवारे, पुलचोक । शाखा कार्यालयः चारआली, बिर्तामोड ।
नोटः २०२४ को लागि कक्षा सञ्चालन भइरहेको छ ।
इच्छुक महानुभावले चाडै सम्पर्क गर्नुहोला ।
समयः बिहानको ५:०० बजेदेखि बेलुका ६:०० बजेसम्म

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -
मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मावली पक्षबाट अशुभ समाचारको योग छ ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ताव आउनेछ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछ, प्रशंसकहरू बढ्ने छन्, मन प्रसन्न रहला ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
मिश्रित फलको समय छ, काममा उतारचढाव आउन सक्छ, खानपानमा ध्यान दिनुहोला, स्वास्थ्य त्यति राम्रो हुने छैन ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धीको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुनेछन् ।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -
मेहनतले राम्रो परिणाम प्राप्त हुनेछ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय रहेको छ, दाम्पत्य जीवन सुखी रहला, उत्साह बढ्ने योग रहेको छ ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -
विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, आज तपाईको समय उत्तमसिद्धी रहेको छ ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
समय दिन नसक्दा बन्न लागेको काम बिग्रन सक्ला, व्यवसायमा नोक्सानी व्यहोर्नुपर्ला, भैपरी आउने खर्चले चिन्ता बढाउन सक्ला सचेत रहनुहोला ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।